शिक्षा विभाग

# शिक्षा विकास तथा समन्वय एकाइ

कास्की

२०७५

पत्रसंख्या: २०८३।०८४
च.नं. ५३२

मितिः२०८३।०६।०८
ने स ११४६

विषयः विद्यार्थी सत्यापान तथा छात्रवृत्ति सम्बन्धमा ।

श्री जिल्ला स्थित सम्पूर्ण संस्थागत विद्यालयहरु
कास्की ।

प्रस्तुत विषयमा श्री शिक्षा विभाग शैक्षिक सुचना व्यवस्थापन शाखाको च न ०७ मिति २०८३।०६।०२ को प्राप्त पत्रानुसार कतिपय संस्थागत विद्यालयहरुले नियमानुसार प्रदान गर्नुपर्ने छात्रवृत्ति वितरण नगरेको तथा बास्तविक विद्यार्थी IEMIS मा अद्यावधिक नगरेको विभिन्न गुनासा र उजुरीहरु प्राप्त भएकाले तपसिल बमोजिम हुने गरी छात्रवृत्ति वितरण र विद्यार्थी सत्यापान गर्नु गराउनु हुन भनी निर्देशन भई आएकाले देहाय बमोजिम गर्नु गराउनु हुन सम्पूर्ण संस्थागत विद्यालयहरुलाइ जानकारी गराइन्छ ।

देहाय

क ) छात्रवृत्ति सम्बन्धमा

शिक्षा ऐन २०२८ ( संशोधन सहित) को दफा १६ "ञ", शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १५१ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धि ऐन २०७५ को दफा २७ ( ३) मा संस्थागत विद्यालयहरुले विद्यार्थीहरुलाई प्रदान गर्ने छात्रवृत्ति सम्बन्धमा बिभिन्न व्यवस्था भएको सन्दर्भमा देहाय बमोजिम छात्रवृत्ति प्रदान गरी सोको विवरण २०८३ साल असोज मसान्तसम्म सार्वजानिक गर्ने र वितरण गरिएको छात्रवृत्तिको विवरण IEMIS मा रहेको Student Record भित्रको Schoolarship button मा अद्यावधिक गर्ने ।

**१) पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयहरुले कम्तिमा दश प्रतिशत २) पाँच सय देखि आठसय जनासम्म विद्यार्थी भएका विद्यालयहरुले कम्तिमा बाह्र प्रतिशत ३) आठ सय भन्दा बढी विद्यार्थी भएका विद्यालयहरुले कम्तिमा पन्ध्र प्रतिशत**

ख ) विद्यार्थी सत्यपान सम्बन्धमा

विद्यालयहरुमा नियमित अध्ययनरत रहेका विद्यार्थीको संख्या र विवरणसँग IEMIS मा रहेका विद्यार्थीको संख्या र विवरण फरक भएमा नियमित रुपमा अध्ययनरत विद्यार्थीको मात्र IEMIS अद्यावधिक गर्ने

लोकनाथ आचार्य
एकाइ प्रमुख (उपसचिव)

बोधार्थ

श्री शिक्षा विभाग, सानोठिमी भक्तपुर ।

श्री जिल्ला स्थित ४ ( पोखरा महानगरपालिका , अन्नपुर्ण, माछापुच्छ्रे र रुपा गाउँपालिका) वटै स्थानीय तहहरु – विद्यालयहरुले छात्रवृत्ति प्रदान गरे नगरेको तथा विद्यार्थी सत्यपान गरे नगरेको अनुगमन गरिदिनु हुन ।